# कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन

शोधार्थी

कमल भट्टराई

परीक्षा क्रमाङ्क : २०४०१८३/०६७

त्रि. वि. दर्ता नं. : ९-२-२०४-४७-२००५

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्षको

नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका

लागि प्रस्तुत

शोधपत्र

नेपाली शिक्षा विभाग

श्री कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

सन् २०१२/२०६९

# सिफारिस पत्र

स्नातकोत्तर तह नेपाली शिक्षा विषय (नेपा.शि.५९८) को पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत 'कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकको यो शोधपत्र श्री कमल भट्टराईले मेरा निर्देशनमा अत्यन्त मिहिनेत र परिश्रमपूर्वक तयार पार्नुभएको हो । आवश्यक सैद्धान्तिक एवम् वस्तुगत आधारमा विश्लेषण गरिएको प्रस्तुत शोधपत्रबाट म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

सन् ०६/१०/२०१२

(वि.सं.२०६९/०६/२०)

सहायक.प्रा.सेरबहादुर बानियाँ

शोध निर्देशक

नेपाली शिक्षा विभाग

श्री कनकाई बहुमुखी क्याम्पस,

सुरुङ्गा, झापा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारेको हुँ । प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मेलै मेरा श्रद्धेय गुरुहरूको स्नेहपूर्ण आशीर्वाद साथै धेरै सहयोगी मित्रहरूका मित्रतापूर्ण सहयोग प्राप्त गरेको छु ।

आफ्ना समस्या र बाध्यतालाई पर पन्साएर अति नै ब्यस्त समयमा पनि यस शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाव, प्रेरणा दिई कुशल निर्देशन दिनुहुने मेरा शोध निर्देशक श्रद्धेय गुरु सहायक प्राध्यापक सेरबहदुर बानियाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शीर्षक चयनदेखि शोधकार्यको अन्तिम समयसम्म उहाँको निरन्तर अमूल्य सल्लाह सुझाव नपाएको भए प्रस्तुत शोधपत्रले यो स्वरूप प्राप्त गर्ने थिएन । यस सफलताको प्रथम श्रेय श्रद्धेय गुरुलाई दिदै उहाँप्रति आभारी छु । समयमै शोधप्रस्ताव स्वीकृत गरी शोध कार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागप्रति पनि आभार व्यक्त गर्दछु ।

यस शोध कार्यमा आवश्यक सल्लाह सुझावहरू दिने मेरा आदरणीय गुरुहरू सहप्राध्यापक श्री कोमलप्रसाद पोखरेल, सहप्राध्यापक श्री जीवनाथ सुवेदी, उपप्राध्यपक श्री विष्णुप्रसाद कोइराला र सहायक प्राध्यापक श्री तेजप्रसाद खनालप्रति म कृतज्ञ छु । यस शोधपत्र लेखन कार्यका निम्ति प्रश्नावली भराउने काममा ६ वटा विद्यालयमा पुग्दा सहयोग गर्ने प्रधानाध्यापकज्यू तथा विद्यालय परिवारका सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विविध आर्थिक कठिनाईहरूसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र खर्च गरेर मेरो अध्ययनलाई यस अवस्थामा पुऱ्याउने मेरा पिता ज्ञानप्रसाद भट्टराई र माता विष्णुकुमारी भट्टराईप्रति म आजीवन ऋणी छु । मेरो अध्ययनलाई आवश्यक सहयोग पुऱ्याउने मेरा आदरणीय दाइ नारायण भट्टराई धन्यवादको पात्र हुनुहुन्छ । छपाइ कार्यमा सहयोग पुऱ्याउनुहुने मनकामना कम्प्युटर इस्टिच्युटका प्रोप्राइटर आदरणीय दाइ सरोज भट्टराईलाई धन्यवाद नदिइरहन सक्दिन ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।



शोधार्थी

कमल भट्टराई

परीक्षा क्रमाङ्क : २०४०१८३

त्रि. वि. दर्ता नं. : ९-२-२०४-४७-२००५

श्री कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा - ५ झापा

# शोधसार

शोध शीर्षक : कक्षा एकमा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययन

शोधार्थी : कमल भट्टराई

शोध निर्देशक : सेरबहादुर बानियाँ

विभाग/क्याम्पस : नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा

शैक्षिक वर्ष : २०६६/२०६७

पृष्ठ सङ्ख्या : ६७


शोध प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो ।

प्रस्तुत शोध पत्र कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । कक्षा १ मा अध्ययनरत विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता पहिचान गरी छनोट गरिएका विद्यार्थीहरूको विद्यालय स्वरूपका र लिङ्गका आधारमा तुलनात्मक अध्ययन गर्नु यस शोध कार्यको उद्देश्य रहेको छ ।

बाल शब्दभण्डार क्षमता पहिचान गर्न झापा जिल्लाभित्रका ३ सरकारी र ३ निजी गरी ६ वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । पहिचानात्मक बाल शब्दभण्डार क्षमता पहिचानका लागि २५ वटा र उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको पहिचानका लागि १५ वटा प्रश्नहरू गरी जम्मा ४० वटा प्रश्नहरू समावेश गरी परीक्षण कार्य सम्पन्न गरिएको छ । उक्त परीक्षणबाट प्राप्त प्राप्ताङ्कको व्याख्या विश्लेषण गर्न मध्यमान, मानक विचलन र Z परीक्षण जस्ता साङ्ख्यिकीको प्रयोग गरिएको छ ।

शोध निष्कर्ष:

विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमतालाई हेर्दा ५० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तलै देखिएकाले समग्र बाल शब्दभण्डार क्षमता साह्रै सन्तोषजनक मान्न सकिदैन । विद्यालय स्वरूपका आधारमा हेर्दा सरकारी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन भने निजी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमता पनि सरकारी विद्यालयका विद्यार्थीहरूकै जस्तो स्थिति रहेको छ । लिङ्गगत आधारमा हेर्दा बहुसङ्ख्यक छात्रहरू मध्यमानभन्दा तल रहेकाले छात्रहरूको बाल शब्दभण्डार क्षमता राम्रो देखिदैन भने बहुसङ्ख्यक छात्राहरू मध्यमानभन्दा माथि रहेकाले

छात्राहरूको बाल शब्दभण्डार क्षमता भने सन्तोषजनक नै देखिएको छ । समग्रतामा विद्यार्थीहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता कमजोर देखिन्छ भने लिङ्गगत दृष्टिले छात्राहरूको पहिचानात्मक बाल शब्दभण्डार क्षमता राम्रो देखिएको छ । त्यस्तै विद्यार्थीहरूको समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक देखिए पनि छात्रहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता साह्रै राम्रो देखिदैन । निजी विद्यालयका विद्यार्थीहरूको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको उत्पादनात्मक बाल शब्दभण्डार क्षमता सन्तोषजनक देखिएको छ ।

समग्र बाल शब्दभण्डार क्षमतामा विद्यालय स्वरूप (सरकारी र निजी) र लिङ्गगत (छात्र र छात्रा) आधारमा तुलानात्मक विश्लेषण गर्दा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको बाल शब्दभण्डार क्षमतामा सार्थक भिन्नता देखिदैन । पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको क्षमता समान किसिमकै देखिएको छ । लिङ्गगत दृष्टिले छात्र र छात्राको पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सार्थक भिन्नता रहेको पाइदैन । उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरू बीच खास अन्तर देखिदैन । लिङ्गगत दृष्टिले छात्र र छात्राको उत्पादनात्मक क्षमता पनि समान नै देखिएको छ ।

माथिको निष्कर्षलाई सरसर्ती हेर्दा विशेष गरी सुरूका कक्षाका पाठ्यक्रम निर्माता, पाठ्यक्रम पाठ्यपुस्तक केन्द्र आदि सबै पक्षले विद्यार्थीहरूको भाषिक सीप हासिल गर्ने किसिमका शब्दभण्डार समावेश गराउँदा उनीहरूले प्रयोग गर्ने बाल शब्दभण्डारलाई पनि स्थान दिनु आवश्यक देखिन्छ । विद्यार्थीहरूलाई तल्ला कक्षाहरूमा उनीहरूले प्रयोग गर्ने बाल शब्दको शिक्षण गराई क्रमशः जटिल शब्दहरूको शिक्षण गराएमा शिक्षण प्रभावकारी हुन्छ । अतः पाठ्यपुस्तकहरूमा समुचित किसिमका शब्दभण्डार समावेश गर्नुका साथै विद्यालयमा सम्बन्धित निकायबाट शिक्षणको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुपर्ने देखिन्छ ।

# विषयसूची

| | पृष्ठ सङ्ख्या |
|---|---|
| अध्याय - एक : शोध परिचय | १-७ |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोधको प्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ शोध कार्यको उद्देश्य | २ |
| १.५ शोधको औचित्य | २ |
| १.६ प्राक्कल्पना | ३ |
| १.७ शोधको सीमा | ३ |
| १.८ शोध विधि | ३ |
| १.८.१ नमुना छनोट | ३ |
| १.८.२ सामग्री निर्माण | ४ |
| १.८.३ पूर्व परीक्षण | ४ |
| १.८.४ अन्तिम परीक्षण | ४ |
| १.८.५ तथ्यको सङ्कलन | ५ |
| १.८.६ तथ्याङ्कको विश्लेषण | ५ |
| १.९ अध्ययनको रूपरेखा | ७ |
| अध्याय दुई : पूर्वकार्यको समीक्षा | ८-१३ |
| अध्याय तीन : शब्दभण्डारको सैद्धान्तिक परिचय | १४-२९ |
| ३.१ नेपाली शब्दभण्डार | १४ |
| ३.२ नेपाली शब्दभण्डारको वर्गीकरण | १५ |
| ३.३ शब्दभण्डारको महत्व | २४ |
| ३.४ शब्दभण्डार र भाषापाठ्यपुस्तकको सम्बन्ध | २६ |
| ३.५ बाल शब्दभण्डारको परिचय | २७ |

अध्याय चार : व्याख्या तथा विश्लेषण ३०-५८

४.१ समग्रताका दृष्टिले बाल शब्दभण्डार क्षमताको स्थिति ३०

४.२ पहिचानात्मक र उत्पादनात्मक बाल शब्दभण्डारको स्थिति ३३

४.३ बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको तुलनात्मक स्थिति ४३

४.४ समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक स्थिति ४८

४.५ समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ५२

४.६ शब्द भण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरू ५६

४.६.१. नेपाली शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरू ५६

४.६.१ बाल शब्दभण्डार क्षमता अभिवृद्धि सम्बन्धी समस्याहरू: ५८

अध्याय - पाँच : निष्कर्ष र सुझावहरू ५९-६५

५.१ निष्कर्ष ५९

५.२ सुझावहरू ६३

५.३ शैक्षिक प्रयोजन ६४

५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ६५

सन्दर्भग्रन्थसूची

परिशिष्ट क

परिशिष्ट ख

परिशिष्ट ग

परिशिष्ट घ

परिशिष्ट ङ

# तालिकासूची

तालिका सङ्ख्या पृष्ठ सङ्ख्या


१. बाल शब्दभण्डार क्षमताको समग्र स्थिति ३०

२. समग्र मध्यमानका दृष्टिले बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको स्थिति ३२

३. पहिचानात्मक बाल शब्दभण्डारको समग्र स्थिति ३४

४. समग्र मध्यमानका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ३५

५. समग्रताका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति ३७

६. उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको समग्र स्थिति ३८

७. समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ४०

८. समग्रताका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति ४२

९. सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमताको तुलना ४४

१०. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना ४५

११. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना ४६

१२. लिङ्गका दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतमा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना ४७

१३. समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ४८

१४. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको स्थिति ४९

१५. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना ५०

१६. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना ५१

१७. समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ५२

१८. लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना ५३
१९. लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्रहरूको तुलना ५४
२० लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्राहरूको तुलना ५५

# स्तम्भचित्र सूची

स्तम्भचित्र सङ्ख्या	पृष्ठ सङ्ख्या


१. बाल शब्दभण्डार क्षमताको समग्र स्थिति ३१

२. समग्र मध्यमानका दृष्टिले बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहहरूको स्थिति ३३

३. पहिचानात्मक बाल शब्दभण्डारको समग्र स्थिति ३४

४. समग्र मध्यमानका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ३६

५. समग्रताका दृष्टिले पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति ३८

६. उत्पादनात्मक बाल शब्दभण्डार क्षमताको समग्र स्थिति ३९

७. समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ४१

८. समग्रताका दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्र छात्राको स्थिति ४३

९. सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समग्र बाल शब्दभण्डार क्षमताको तुलना ४४

१०. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना ४५

११. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना ४६

१२. लिङ्गका दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतमा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना ४७

१३. समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ४९

१४. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको स्थिति ५०

१५. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना ५१

१६. लिङ्गगत दृष्टिले समग्र बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना ५२

१७. समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ५३

१८. लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा छात्र छात्राको तुलना ५४
१९. लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्रहरूको तुलना ५५
२० लिङ्गगत दृष्टिले उत्पादनात्मक बाल शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयको छात्राहरूको तुलना ५६